# अपिहिमाल गाउँपालिकाको

# आ.ब. २०७७।०७८ को

# नीति तथा कार्यक्रम

# २०७७

धर्मानन्द सिंह मन्याल

अध्यक्ष

अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला

सुदुरपश्चिम प्रदेश, नेपाल

मिति २०७७/०३/०६

* संशोधन
मिति २०७७/०३/०६

अपिहिमाल गाउँपालिका

गाउँसभाका अध्क्ष ज्यू,
गाउँसभाकासदस्य ज्यूहरु,
गाउँसभाकासचिव ज्यू,
शाखा प्रमुख तथा कर्मचारीहरु,

यस गरिमामय **९ औँ** गाउँसभामा,अपिहिमाल गाउँपालिका सरकारको आर्थिक बर्ष **२०७७।०७८** को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा, म गौरवान्वित भएको छु।

विगतमा भएका ऐतिहासिक जनआन्दोलन रसशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात सहिदहरुप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राजनैतिक आन्दोलनका क्रममा घाइते भएका र बेपत्ता भएका योद्धाहरुप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु।

**कोभिड १९** ले सिंगो मानव जाति संकटमा परेको वर्तमान अवस्थामा यस अपिहिमाल गाउँपालिका सरकारलाई सहयोग गर्नुहुने **केन्द्र सरकार**, **प्रदेश सरकार**, **मकरी हाइड्रोपावर**, **ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना**, **थुम्ती आमा समुह**, **नौलो बिहानी युवा क्लब** र साबिक खण्डेश्वरी गाविस का **भू.पू. उपाध्यक्ष श्री रणविर सिंह मन्यालज्यू**, विबिध कारणले देशका विभिन्न भागमा बस्दै आउनु भएका, लकडाउनका कारणले अलपत्र परेका अपिहिमाल गाउँपालिकाका नागरिकहरुलाई यातायत तथा राहत वितरणमा सहयोग गर्नुहने नेपाली काँग्रेस अपिहिमाल गाउँपालिकाका **सभापति श्री शोवन सिंह लोथ्यालज्यू**, अपिहिमाल गाउँपालिका गाउँकार्यपालिका सदस्य **श्री शान्ति धामीज्यू** तथा नेपाल कम्युनिष्ठ पार्टी (नेकपा) का युवा नेता **श्री हरक सिंह धामीज्यू** र राजनीतिक बुद्धिजीवी **श्री कमलेश रोकायाज्यू** लगायतलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

त्यसैगरी **कोभिड १९** महामारी नियन्त्रणमा ज्यान हत्केलामा राखेर अग्रपंक्तिमा खटिनु हुने-स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, गाउँपालिकाबाट खटिएका कर्मचारीहरु,बिना पारिश्रमिक अहोरात्र खटिएका जनप्रतिनिधिहरु, पालिकास्तरीय समन्वय समितिका सदस्यहरु, वडास्तरीय समन्वय समितिका सदस्यहरु, क्वारेन्टाइनमा खटिएका स्वयंसेवकहरु, क्वारेन्टाइन व्यवस्थापनको लागि सहयोग गर्नुहुने विद्यालय व्यवस्थापन समितिहरु र विद्यालयहरु, क्वारेन्टाइनमा लुगा कपडा तथा भौतिक सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने विभिन्न आमा समुहहरु, क्लबहरु तथा आमजनसमुदायहरु, स्थानिय व्यापारीवर्गहरु, क्वारेन्टाइनमा संयमतापूर्वक क्वारेन्टाइनको नियमपालना गरी बस्नुहुने महानभावहरु तथा यस संकटको घडीमा हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक नमन गर्दछु र पुनःसंकटको बेलामा सहयोगको अपेक्षा गर्दछु।

* संशोधन
मिति २०७७/०३/०६

अपिहिमाल गाउँपालिका

महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठुलो संकट पैदा भएको अवस्थामा विश्वस्तरमै यस महामारी विरुद्ध लड्न मौजुद स्वास्थ्य सेवा तथा सुविधाहरु अप्रयाप्त देखिएकाछन्,अर्थव्यवस्थामा गम्भीर धक्का पुगेकोछ, उद्यम व्यवसाय बन्द भएकोछ, लाखौँ मानिसहरुले रोजगारी गुमाएकाछन्, लाखौँ मानिस संक्रमित भएकाछन् र लाखौँ मानिसहरुले ज्यान गुमाएकाछन्। यस गरिमामय गाउँसभामार्फत ति कोभिड संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै ज्यान गुमाउने प्रति श्रद्दान्जली व्यक्त गर्दछु । उपचाररत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गदर्छु ।

**कोभिड १९** महामारीबाट बच्न तथा जनचेतना दिन नेपाल सरकारले अबलम्बन गरेकोलकडाउनकोनीति तथा समन्वयात्मक कार्यशैलीलाई पुर्ण रुपमा पालना गर्दै यस अपिहिमाल गाउँपालिकाले प्रत्येक वडास्तरमा क्वारेन्टाइन स्थापना गरी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीमार्फत सेवा प्रवाहगर्दै आइरहेकोछ र महामारी नियन्त्रणका लागि आवश्यक पहल भएको छ । यस लकडाउनको समयमा गाउँपालिकाको प्रत्येक वडाहरुबाट विपन्न परिवारहरु छनौट गरी राहत स्वरुप खाधान्न तथासरसफाइ सामग्री वितरण गरिएको छ भने**कोभिड १९** को थप महामारी बढ्न नदिन पुर्व तयारीका स्वरुप पहिचान गरी गाउँपालिकास्तरमा आइसोलेसन कक्ष निर्माण गरी सुरक्षात्मक उपायहरुकोथप निरन्तरता दिनुपर्ने अवस्था देखिन्छ ।

माथि उल्लेखित कारणले गर्दा गत **आ व २०७६/०७७** को विनियोजित बजेट तथा कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसकिएको यथार्थताको धरातलमा उभिएर गत **आर्थिक वर्ष २०७६।०७७** सम्ममा घोषित नीति तथा कार्यक्रमहरुको उपलब्धिको बारेमा जानकारी गराउन चाहाँन्छु ।

नेपाल सरकारको दिगो विकास लक्ष, नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक र **"सुखी नेपाली, समृद्द नेपाल"** सहितको अग्रगामी घोषित नितिमा टेकेर गत आर्थिक वर्षका निति तथा कार्यक्रममा समावेश गरिएका योजना र कार्यान्वयन बिचको वास्तविकता पनि गरिमामय गाउँसभा समक्ष पेश गर्नु वान्छनीय हुन्छ । त्यसैले, अब म गत आर्थिक वर्षका योजनाहरुको संक्षिप्त रुपमा समिक्षा पेश गर्न अनुमति चाहाँन्छु ।

१. कुनै पनि भौतिक विकासको जग, व्यक्तिगत विकासको जगमा उभिएको हुन्छ । व्यक्ति, परिवार, समाज र राष्ट्रको विकास गर्नका लागि पहिलो शर्त नै शिक्षा हो । सुशिक्षित नागरिकबिना समाजको विकास हुन सक्दैन भन्ने मान्यतामा उभिएर **आ व २०७४/०७५** देखि नै यस गाउँपालिकाले **शिक्षा क्षेत्र सुधार कार्यक्रम** घोषणा गरि कार्यान्वयनको चरणमा रहेको कुरा सर्वबिदितै छ । यस कार्यक्रम अन्तरगत **५२ जना शिक्षक** तथा बालविकास, लेखापाल, का. स. गरि **४७ जना विद्यालय कर्मचारी**हरुको व्यवस्थापन गरि **अविभावकबाट चन्दा उठाई विद्यालय संचालन गर्ने** परिपाटीको पुर्ण रुपमा अन्त्य गरिएको छ । वडा नं. ५ का विद्यार्थिले मार्मा गा पा मा गई शिक्षा ग्रहण गर्नुपर्ने बाध्यातमक परिस्थितिको अन्त्य गर्दै भवानी आ वि लाई मा वि सम्मको र तल्लो सौगन्नाका बालबालिकाहरुको लागि चौलानी बालविकासलाई आ वि (१ देखि ३ कक्षा) सम्म

* संशोधन
मिति २०७७/०३/०६

अध्यापन गराउने गरि स्वीकृति प्रदान गरिएको छ । प्राविधिक शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्न खण्डेश्वरी मा वि मा कृषि बाली विज्ञान संचालनमा रहेको छ । स्थानिय विषयवस्तुको बारेमा बालबालिकालाई जानकारी गराउने उद्येश्यले गठित स्थानिय पाठ्यक्रम निर्माण समितिले पाठ्यक्रम निर्माण गर्ने कार्य अन्तिम चरणमा पुर्याएका छन । विभिन्न विद्यालयका भौतिक विकास अन्तरगत १६ वटा २ कोठे भवन र ३ वटा चार कोठे भवन निर्माण सम्पन्न भएका छन भने विज्ञान प्रयोगशाला, बुक कर्नर, पुस्तकालय जस्ता पाठ्य सामाग्री बाहेकका प्रायोगिक संरचनाहरुको आवश्यक व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

२. गाउँ-गाउँमा स्वास्थ्यको पहुच पुऱ्याउनेउद्धेश्यले **३ वटा** बर्थिङ्ग सेन्टर भवन निर्माण सम्पन्न भई बर्थिङ्ग सेन्टरहरुबाट आधारभुत स्वास्थ्य केन्द्रहरुको समेत सेवा प्रदान भइरहेका छन ।

३. ४ वटा **आधारभुत स्वास्थ्य सेवा केन्द्र** वडा नं.१,३,५ र ६ मा निर्माणाधिन अवस्थामा रहेका छन ।

४. घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा प्रसुती हुने दरलाई बढाउन गाउँपालिका मार्फत स्वास्थ्य संस्थामा प्रसुती गरे बाफत रकम **रु. १००० का दरले "सुत्केरी आमा सुरक्षा कार्यक्रम"**का रुपमा सेवा प्रदान गरिदै आएकाछन ।

५. **कोभिड १९** महामारीको अवस्थामा यस अपिहिमाल गाउँपालिकाले जनताको जिवन रक्षाको निम्ति क्वारेन्टाइन निर्माण, आइसोलेसन निर्माण, होल्डिगं सेन्टर निर्माण तथा **कोभिड १९** को नियन्त्रणका लागि आवश्यक जनशक्तिको व्यवस्था गरि निरन्तर कार्यमा जुटिरहेका छन ।

६. **कोभिड १९** को संक्रमण बाट आम नागरिकलाई बचाउन, रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनुका साथै प्रत्येक व्यक्तिलाई मास्क, प्रत्येक घरमा साबुन वितरण गर्दै आवश्यकताका आधारमा राहत वितरण गरिएका छन साथै काम विषेश देश तथा विदेशमा रहेका मजदुर, विद्यार्थि तथा अल्पत्र परेका अपिहिमाल गाउँपालिकाका नागरिकहरुलाई उद्धार तथा राहत वितरण गरिएका छन ।

७. बैकल्पिक चिकित्सा सेवालाई प्रवर्द्वन गर्ने उद्धेश्यले आयुर्वेदिक सेवालाई विस्तार गरिएको छ ।

८. भौगोलिक कठिनाईका कारण विशेषज्ञ स्वास्थ्य सेवाको पँहुचभन्दा टाढा रहेका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न टेलिमेडिसिन सेवाको व्यवस्था गरिएको छ ।

९. **कोभिड १९** को महामारी व्यवस्थापनमा अग्रमोर्चामा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा पालिकाले खटाएका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप भत्ताको व्यवस्था गरिएको छ ।

१०. प्रत्येक व्यक्तिको जिवनशैली संग जोडिएको संचार सेवालाई सहज पहुँच पुगाउन गाउँपालिकाका वडा नं. ३ र ६ मा टेलिकम टावर निर्माण कार्य अन्तिम चरणमा रहेको जानकारी गराउँदछु ।

११. गाउँपालिका भरिप्रशासनिक कार्यमा प्रयोग हेर्दै आइरहेको कागजी प्रविधिलाई निरुत्साहित गर्न र उच्च प्रविधिलाई प्रवर्द्धन गर्नका निम्ति प्रत्येक वडा कार्यालयहरुमा निःशुल्क इन्टरनेट को सुविधा स्थापना गर्ने नीति अनुरुप सम्पुर्ण सरकारी कार्यालयहरुमा इन्टरनेट सुविधा जडान गरिएका छन ।

* संशोधन
मिति २०७७/०३/०६

अपिहिमाल गाउँपालिका

१२. गाउँपालिकाको काम कारवाही तथा सुचना प्रवाहलाई चुस्त दुरुस्त तथा प्रविधि मैत्री बनाउने उद्धेश्यका साथ नेपाल टेलिकमको लिज लाइन इन्टरनेट सेवा जडान गरी संचालनमा ल्याइएको छ।

१३. **“अपिका बस्ती हिलो मुक्त बस्ती कार्यक्रम”** अन्तरगत **११६०० मिटर** लक्ष्य राखिएकोमा **आ.ब.२०७६।०७७** सम्म **८४०० मिटर** पि.सि.सि. बाटो निर्माण गरिएको छ भने**मकरीगाड दैभात घो.बा.** सम्पन्न गरि गाउँपालिकाले पर्यटकिय पदमार्गको रुपमा व्याख्या गरेको **सिद्ध मकरीकोट पर्यटकीय पदमार्ग**को **१५०० मिटर** निर्माण भई बाँकि काम सम्पन्नोन्मुख रहेको जानकारी गराउँदछु।

१४. क्रमशः काठेपुल विस्थापित गर्ने निति अनुरुप **३२ वटा** पुलहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरि २ वटा ट्रसपुल र १ वटा झोलुगें पुल निर्माण भएका र २ वटा झोलुगें पुल निर्माण सम्पन्नोन्मुख रहेका छन।

१५. गाउँपालिका र जिल्ला सदरमुकाम संगकोयातायात दुरि कम गर्न**चौकिबगर-सितोला-नौगाड सडक**को जिरो प्वाइन्ट खोल्ने कार्य सुरु गरि लगभग **७०० मिटर** जति सडक खन्ने कार्य सम्पन्न भएको छ।

१६. गाउँपालिका सरकारको प्रशासनिक कार्य प्रभावकारी ढंगले सेवा प्रवाह गर्न केन्द्रिय सरकारको समन्वयमा विशेष अनुदान शिर्षकमा क्रमशः ७ कोठे र ५ कोठे प्रशासनिक भवनहरु चाँडै सम्पन्न हुने चरणमा छन भने अपिहिमाल गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन सम्पन्नोन्मुख अवस्थामा रहेको छ।

१७. सम्पुर्ण नागरिकहरुलाई रोजगार उन्मुख गराउने उद्देश्यका साथ संचालित **“तानसेन (निरज) युवा स्वरोजगार तथा कल्याणकारी कोष”**२३ जना युवाहरुलाई व्यवसायमा आवद्ध गरिएको छ।

१८. नेपालको संविधानको भाग ३ धारा ३५ को उपधारा ४, स्थानिय सरकार संचालन ऐन, २०७४ र दिगो विकास लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्र सबैका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्न गाउपालिकाले लिएको **“एक घर एक धारा”**नीति अनुरुप १२ वटा योजना मार्फत ६६७ वटा चागं सहितको निजीधारा निर्माण कार्य सम्पन्न भएकाछन।

१९. अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट संस्थागत शौचालय निर्माण तथा सुधार अन्तरगत छात्रामैत्री २ वटा छात्रा शौचालय निर्माण गरी १ वटा भेन्डिङ्ग मेशिन समेत जडान गरिएको छ।

२०. अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट जिविकोपार्जन क्षेत्र अन्तरगत ४ ठाउँमा स्याउ बगैचा स्थापना भएको , १ ठाउँमा फलफुल (कागती, मौसमी, सुन्तला) बगैचा स्थापना भएको, ४७ जना किसानहरुलाई तालिम सहित पोलीहाउस सेट सहयोग भएको, १ वटा तरकारी तथाफलफुल संकलन तथा बिक्रि केन्द्र स्थापना भएको र ६ वटै वडामा बहुउद्धेश्यीय नर्सरी नाइके मार्फत नर्सरी उत्पादन भइरहेको तथा १७ वटा कृषक समुहलाई घरबारी व्यवस्थापन तालिम प्रदान गरी कृषि शाखामा दर्ता गर्ने कार्य गरिएको छ।

२१. जलवायु परिवर्तन अनुकुलन क्षेत्र अन्तरगत ९ वटा सुधारिएको घट्ट, ३९ वटा सुधारिएको चुलोमा सहयोग भएकोछ।

* संशोधन

मिति २०७७/०३/०६

२२. सुशासन तथा क्षमता विकास अन्तरगत गाउँपालिका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, किसानहरुलाइ विभिन्न तालिम गोष्ठी प्रदान गरिएको र जलश्रोत ऐन, जलश्रोत नियमावली, मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन निर्देशिका र खानेपानी योजना सञ्चालन तथा मर्मत संभार व्यवस्थापन निर्देशिका स्वीकृत भई लागु गरिएका छन् ।

२३. अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना र मलदेश बचत तथा ऋण सहकारीको कार्यान्वयन साझेदारीमा गाउपालिकाको वडा नं. ३ मा उत्पादन भएको डालेचुक संकलन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यहरु गरिएका छन्।

उपस्थित महानुभावहरु,

स्थानीय तह निर्माण पश्चातको स्थापित अपिहिमाल गाउँपालिकाको नवौ गाउँसभामा यस गाउँपालिकाको ‘‘जलस्रोत, जडीबुटी एवम् पर्यटन पुर्वाधारको विकास, समग्र अपिहिमाल गाउँपालिकाको समृद्धी र विकासमा हाम्रो प्रयास’’ सहितको दिर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रमको क्षेत्रगत लक्षित निति तथा अपेक्षा सहितको निति तथा कार्यक्रमप्रस्तुत गर्नयस गरिमामय गाउँसभा समक्ष अनुमतिचाहाँन्छु ।

१. **कोभिड १९** र विविध कारणले बेरोजगार रहेका व्यक्तिहरुको लगत संकलन गर्न पालिकाभित्र **‘‘रोजगार बैंक’’** को स्थापना गरी निर्माण हुने भौतिक पुर्वाधारहरुमा रोजगार बैंकमा आवद्ध रहेका व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

२. गाउँपालिका भित्रका खेती योग्य जमिन उपयोग नगरि बाँझो राख्नेलाई थप करको दायरा भित्र ल्याइनेछ।

३. रोजगारीमा अवसर वृद्धि गर्नको लागि सरकारी र निजी संरचना निर्माण गर्दा स्थानिय स्रोत र साधनको प्रयोग लाई प्राथमिकता दिने व्यवस्था गरिनेछ।

४. संघीय सरकारको नीति अनुरुपका ‘‘प्रधानमन्त्री स्वरोजगार कार्यक्रम’’ र ‘‘प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम’’ लाई निरन्तरता दिंदै आवश्यक समन्वय गरी १००० जनालाई एक पटकमा १०० दिन बराबरको रोजगारीको व्यवस्था गरिने छ । साथै आवश्यकता अनुसार बेरोजगारहरुको पहिचान गरी संख्या थप गरिनेछ ।

५. **कोभिड १९** को कारणले देशको अर्थतन्त्रमा पर्न जाने असर, खाद्यान्न आपुर्ति रबेरोजगारी समस्या समाधान गर्ने उद्धेश्यले कृषक बेरोजगारहरुलाई आयआर्जनमुखी र आत्मनिर्भर बनाउन **‘‘एक बस्ती एक उत्पादन’’**कार्यक्रम संचालन गरिने छ ।

६. आधुनिक ओखर,स्याउ, अमिलो जातका फलफुलका विरुवाहरु लागत साझेदारीमा वितरण गरिनेछ ।

७. मसलाबाली, तरकारी खेतीका लागि बिउँबिजन, पोलीहाउस लगायत अन्य औंजारहरु लागत साझेदारीमा वितरण गरिनेछ ।

८. कृषक समुह दर्ता तथा नवीकरण, व्यवसायिक फर्म दर्ता तथा नवीकरणमा विशेष जोड दिइनेछ ।

* संशोधन
मिति २०७७/०३/०६

अपिहिमाल गाउँपालिका

९. यस गाउँपालिकाको मुख्य उत्पादनको रुपमा रहेका रैथाने बाली (राजमा, जौं, कोदो, फापर आदि) उत्पादनहरुको प्याकेजिगं लेबलिगं गरी बजारिकरणको लागि  गाउँपालिका स्तरमा मुख्य संकलन केन्द्र र वडाहरुमा आवस्यकता अनुसार संकलन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

१०. भेटेरीनरी तर्फ विगत बर्ष देखि काम गर्दै आइरहेका एक गाविस एक प्राविधिकलाई केन्द्र सरकारको साझेदारीमा निरन्तरता दिइनेछ ।

११. प्रत्येक वडाहरुमा कृषि भेटेरीनरी तर्फ सेवा परामर्शमा कृषकको सहज पहुँच पुर्याउन शाखा विस्तार गरिनेछन् ।

१२. पशुपालनको उच्च संभावना बोकेको यस अपिहिमाल गाउँपालिकामा पशुजन्य पदार्थको मागलाई ध्यानमा राखी लागत साझेदारीमा भेडाबाख्रा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. भेडाबाख्राको साना व्यवसायिक कृषक उत्पादन, पकेटप्याकेज सञ्चालन गरिनेछ ।

१४. ऊन विकासका लागि भेडा प्रवद्र्धन कार्यक्रम संचालन गरिनेछ ।

१५. खेतीको लागि अयोग्य रहेको जमिनहरु चरिचरन तथा घाँस विकासका लागि प्रयोग गरिनेछ ।

१६. खाद्यान्न आभाव हुन नदिन खाद्य सुरक्षा कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ ।

१७. पशु चरिचरनको लागि अपिनम्पा र अन्य सम्बन्धित निकायसंग समन्वय गरी पशुपालनमा जनताको पहुचको सुनिश्चितताको लागि पहल गरिने छ ।

१८. खच्चर व्यवसायीहरुलाई संगठित (एकीकृत भाडादर, व्यवसायीकीकरण आदि) गरी आवश्यक स्थानहरुमा खच्चर आवतजावतमा सहज हुने गरी बासस्थानको व्यवस्था गरिनेछ ।

१९. धार्मिक पर्यटनलाई उजागर गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

२०. उपभोक्ताहरुको उपभोग्य सामग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई संयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार व्यवस्थापन सुधार गर्ने प्रकृया लाई निरन्तरता दिदै सुर्तिजन्य पदार्थ बेचबिखन तथा सेवनलाई निरुत्साहित गरी यसको कडा नियमन गरिनेछ ।

२१. मदिराजन्य र सुर्तिजन्य पदार्थहरुको बेचबिखनलाई व्यवस्थित गर्न नीति नियमहरुको निर्माण गरिनेछ ।

२२. प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुमार्फत लघु उद्यम विकास मोडलमा नयाँ उद्यमी सृजना तथा उद्यमीहरुको स्तरोन्नति गरिनेछ ।

२३. पर्यटन पुर्वाधारको लागि यस गाउँपालिकाभित्र होटल, रिसोर्ट, होमस्टे जस्ता पर्यटकीय पुर्वाधारमा लगानी गर्ने व्यवसायीलाई सहुलियत प्रदान गरी व्यवसाय सञ्चालनमा आवश्यक वातावरण निर्माण गरिनेछ ।

२४. **"निर्माण भइसक्यो सिद्ध मकरीकोटको बाटो, खुल्ला भइसक्यो पर्यटन विकास को बाटो"** भन्ने मुख्य नाराका साथ सिद्ध मकरीकोट को बाटोमा आवश्यकता अनुसार विश्राम स्थल, शुद्ध पिउने पानी धारा, शौचालय, बाटोको दुवैतर्फ वृक्षारोपण तथा ठाउँ ठाउँमा अपिहिमाल गाउँपालिकाको भेषभुषा र पर्यटकीय ठाउँ झल्किने भित्तेलेखनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. गाउँपालिकाभित्र रहेका पर्यटकीय पदमार्गहरु, पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा गाउँपालिकाको पाश्र्वचित्र तयार गरिनेछ ।

* संशोधन

मिति २०७७/०३/०६

२६. आगामी बर्षमा यस गाउँपालिकामा उत्पादन गरिएका विभिन्न खाद्य वस्तु तथा अन्य उत्पादनहरुको प्रचारप्रचार, बजारिकरण तथा गाउँपालिकाको पहिचानका लागि **कोशेली घर**को निर्माण गरी संचालनमा ल्याइने छ ।

२७. कृषि क्षेत्रमा बाली बिमा लगायत स्वास्थ्य विमा र पशु-पंक्षीमा समेत लागु गर्न सम्बन्धित निकायमा निरन्तर पहल गरिनेछ ।

२८. **"हाम्रो गाउँ हाम्रो ठाउँ, बाझो जमिन रहनेछैन कुनै ठाउँ"** भन्ने मुल नाराका साथ कोरोना भाइरस महामारीले बेरोजगार हुन पुगेका व्यक्तिहरुको रोजगारीलाई सुनिश्चिता गर्न कृषि आधुनिकीकरण कार्यक्रम मार्फत **एक बस्ती एक उत्पादन** गर्दै रोजगारीको सृजना गरिनेछ ।

२९. गाउँपालिका भित्रका युवाहरुलाई व्यवसायी तथा स्वरोजगार बनाउन " कपाल शैलुन" तथा "ब्युटी पार्लर" व्यवसाय स्थापनाको लागि पहल गरिने छ ।

**अध्यक्ष महोदय,**

३०. पुर्ण सुपोषित तथा पुर्णसरसफाइयुक्त गाउँपालिका घोषणा गर्न विभिन्न साझेदार संस्थासंग सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई थप सुदृढीकरण गरि व्यवस्थापन गरिनेछ ।

३२. यस अपिहिमाल गाउँपालिका अन्तरगत रहेका दिर्घ रोगी तथा जेष्ठ नागरिकहरुलाई आकस्मिक सेवाका लागि सुदुरपश्चिम प्रदेशभित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

३३. उच्च रक्तचाप, मधुमेह र महिलाहरुको पाठेघर सम्बन्धि रोगको रोकथाम, पहिचान, परीक्षण गरी वडास्तरीय सेवा केन्द्रबाट ६० बर्ष माथिका नागरिकहरुको रक्तचाप र मधुमेह जाच गर्ने व्यवस्थाका लागि समुदायमा आधारित ल्याब सेवा संचालन गरिनेछ ।

३४. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकामा २ वटा स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गरिनेछ साथै स्वास्थ्य चौकीको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा पहुच पुऱ्याउने उद्धेश्यले ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सम्पन्न गरिनेछ ।

३५. आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार र प्रवद्र्धनलाई निरन्तरता दिईनेछ ।

३६. सबै स्वास्थ्यचौकी र आधारभुत स्वास्थ्य केन्द्रबाट विपद् वा महामारीको समयमा संभव भएसम्म अधिकतम स्वास्थ्य सेवा उपलब्ध गराउने प्रवन्ध मिलाईनेछ ।

* संशोधन

मिति २०७७/०३/०६

अपिहिमाल गाउँपालिका

३७. उमेर नपुगी विवाह गर्ने प्रथालाई न्युनीकरणका लागि जनचेतना जगाउन र अपागं, बालबालिका तथा लक्षित वर्गहरुको निम्ती आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३८. कोभिड १९ को कारणले उच्च जोखिममा रहेका जेष्ठ नागरिकलाई घरदैलो मै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न **"अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम"** लागु गरिनेछ।

३९. "**अपिहिमाल गाउँपालिकाको सपना, नवजात शिशु तथा मातृ मृत्युदर शुन्य हाम्रो परिकल्पना**" भन्ने नारा सहित २४ सै घण्टा निःशुल्क प्रसुती सेवालाई प्रभावकारी बनाई सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्न SBA तालिम, आवश्यक सामग्री खरिद तथा बर्थिङ्ग सेन्टरमा आवश्यकताको आधारमा नर्सिङ्ग कर्मचारी थप गरिनेछ।

४०. गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य स्थितिलाई मध्यनजर गर्दै **"उपाध्यक्ष विशेष गर्भवती तथा सुत्केरी कार्यक्रम"** सञ्चालन गरी घरमा हुने सुत्केरी लाई शुन्यतिर लगिनेछ।

४१. भौगोलिक कठिनाईलाई मध्यनजर गरी स्वास्थ्य सेवालाई अझै प्रभावकारी बनाउन टेलिमेडिसिन कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै अत्याबश्यक औषधीको पहुँच लाई सुनिश्चिता गर्न ड्रोन खरिदको व्यवस्था गरिनेछ।

४२. गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न ल्याब सेवालाई विस्तार गरिनेछ।

४३. आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँचपुऱ्याउनेको लागि गर्भवती सुत्केरी आमा स्वास्थ्य सहयोग कोषको स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४४. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिकास्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

४५. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समिक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

४६. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हिसांत्मक कृयाकलापहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित

* संशोधन
मिति २०७७/०३/०६

महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४७. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७९ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्णसरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्णसरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसीस्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

४८. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु ४,००,००० भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिकास्तरमा आवश्यक बोटबिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नतस्तरको बहुउद्धेश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

४९. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण,बजारिकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ

५०. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवद्र्धन कार्यको लागि स्थानीयस्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५१. न्यायमा जनताको पहुँच सुनिश्चितता गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

५२. कम उमेरमै विवाह गर्दा महिलामा देखिने विभिन्न समस्याहरु न्युनीकरण गर्नका लागि किशोर तथा किशोरीहरुलाई जनचेतना तथा क्षमता विकास गरी बालबिवाहलाई निरुत्साहित गर्न “किशोर किशोरीसंग उपाध्यक्ष कार्यक्रम” संचालन गरिनेछ ।

५३. लैगिंक हिसां न्युनीकरणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

५४. सरसफाईलाई मानवजिवनको जिवनशैली संग जोड्दै दलित बस्तीहरुमा गोठसुधार, आगन सरसफाई र व्यक्तिगत सरसफाइमा पहल गरिनेछ ।

५५. आगामी आर्थिक बर्षमा आपिहिमाल गाउँपालिका लाई खरमुक्त गाउँपालिका घोषणा गरिनेछ ।

५६. आवश्यक ठाउँमा बाल उद्यानहरुको स्थापना गरिने छ ।

५७. सरकारी जमिनको तथ्याकं संकलन र भुमिहिनहरुको लगत संकलन गरी भुमि–सुधारलाई थप प्रभावकारी बनाई अगाडी बढाइनेछ ।

* संशोधन

मिति २०७७/०३/०६

५८. एकल पुरुषलाई दिइदै आएको भत्तालाई निरन्तरता दिइने छ।

५९. गरिबी निवारण कोष मार्फत विभिन्न समुहहरुमा घुम्ती कोषको रुपमा परिचालन भएको ऋण लगानी रकमलाई एकीकृत गरी सहकारीको संस्थागत विकास मार्फत उद्यम व्यवसायमा परिचालन गरी रोजगारीको सृजना गरिनेछ।

६०. खेलकुद क्षेत्रमा गाउँपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा रहेका प्रतिभाहरुहरुलाई हौसला एंव सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६१. आगामी आ.ब. देखि स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई अन्तिम रुप दिई स्थानिय पाठ्यक्रम लागु गर्न पहल गरिनेछ।

६२. **कोभिड १९** का कारणले गर्दा यसको नियन्त्रण वा अर्को व्यवस्था नहुन्जेलसम्म समुदायस्तरमा पठन पाठनको वैकल्पिक व्यवस्था गरिनेछ।

६३. विद्यालयको भौतिक पुर्वाधारको निम्ती आवश्यक व्यवस्था गरिनेछ।

६४. पालिकास्तरमा रहेका प्रत्येक माविस्तरका विद्यालयहरुमा आधुनिक विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट सुविधायुक्त सुचना केन्द्र निर्माण गरिनेछ।

६५. दलित, विपन्न, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक तथा स्थानिय अल्पसंख्यक बालबालिकाहरुको लागि दिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ।

६६. आधारभुत तहको शिक्षालाई सुदृढिकरण गरी कक्षा १२ सम्मको निःशुल्क शिक्षामा सम्पुर्ण बालबालिकाहरुको पहुँचलाई जोड दिदै प्राविधिक शिक्षालाई थप व्यवस्थापन गरिनेछ।

६७. सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधारका लागि नियमित अनुगमनका साथै उत्कृष्ट विद्यालय प्रधानाध्यापक र शिक्षकलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ साथै दरबन्दी मिलान, शिक्षक-विद्यार्थी अनुपातमा भौतिक संरचना र क्षमता अभिवृद्धि कार्यक्रमका साथै प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

६८. हाल संचालित आधारभुत विद्यालयहरुमा आवश्यक दरबन्दी व्यवस्थापन गर्न पहल गर्नुका साथै बालविकास केन्द्र स्थापना हुन नसकेका विद्यालयहरुमा यथाशिघ्र बालविकास केन्द्र स्थापना गर्न पहल गरिनेछ भने विद्यालयबाट टाढा रहेका बस्तीहरुमा सामुदायिक साझेदारीमा आवश्यक सामुदायिक बालविकास केन्द्रको व्यवस्था गरिनेछ।

६९. मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन र व्यक्तिगत स्वच्छता व्यवस्थापन का लागि आवश्यक विद्यालयहरुको शौचालयहरुमा भेन्डिङ्ग मेशिन जडान र हातधुने सुविधा सहितको स्वच्छ खानेपानी को व्यवस्था गरिनेछ।

७०. खण्डेश्वरी मावि भित्र छात्रा छात्रबासको व्यवस्था गरी विद्यालयबाट टाढा रहेका विद्यार्थीहरुलाई शिक्षाको मुलधारमा ल्याइनेछ।

७१. आवश्यक विद्यालयहरुलाई तहगत रुपमा समायोजन गर्दै शिक्षाक्षेत्र सुधार कार्यक्रमलाई थप सुधार गरिनेछ।

* संशोधन

मिति २०७७/०३/०६

७२. **कोभिड १९** ले बालबालिकामा पारेको मानसिक प्रभावलाई पुनःस्थापना गर्न आवश्यक मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरी लागु गरिनेछ ।

७३. हाल दिवा खाजा कार्यक्रम सञ्चालित विद्यालयहरुमा सफा, स्वच्छ खानेकुरालाई मध्यनजर गरी सफा स्वच्छ भान्छाघरको व्यवस्थापन गरिनेछ ।

७४. **"हाम्रा बाबु हाम्रा नानी, हामी आफै बनाऔँ ज्ञानी"** कार्यक्रम सञ्चालन गरी कक्षा १ देखि ३ का बालबालिकालाई अभिभावकको दैनिक २ घण्टा उपलब्ध गराउने कार्यलाई अभियानका रुपमा संचालन गर्दै गृहकार्य पुस्तिकालाई कडाईका साथ लागु गरिनेछ ।

७५. गाउँपालिका भित्रका भौतिक पुर्बाधार क्रियाकलापहरुलाई अझै गुणस्तरिय बनाउन गाउँपालिका भित्र काम गर्दै आएका मिस्त्री, दक्ष कामदारहरुलाई सम्वन्धित तालिमदाता साझेदार निकायहरुको समन्वयमा भुकम्प प्रबिधी संरचना निर्माण लगायतका तालिम प्रदान गरि क्षमतावान बनाईनेछ ।

७६. "**अपिका बस्ती हिलोमुक्त बस्ती**" कार्यक्रम अन्तर्गत जनताको लागत साझेदारीमा **आँगन सरसफाई कार्यक्रम** अगाडि बढाइनेछ ।

**अध्यक्ष महोदय,**

७७. बिटुले, पारीबगर, खण्डेश्वरी, घुसा रणनीतिक राजमार्गको पालिकासम्म ट्र्याक खोल्न र चौकीबगर, सितोला हुदै नौगाड जोड्ने सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

७८. मानव बस्तीलाई हिलोमुक्त गर्न आवश्यक बस्तीहरुमा ढलनिकासको व्यवस्था गरिनेछ ।

७९. सिद्ध मकरीकोट पदमार्ग र मकरी दैभात घोरेटो बाटोमा आवश्यक विश्राम स्थलको व्यवस्था गरिनेछ ।

८०. जनताको मुख्य आवतजावत हुने बाटोलाई काठेपुल मुक्त गरिनेछ ।

८१. उज्यालो अपि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. अपिहिमाल गाउँपालिका वडा नं. ५ र पालिका केन्द्रसम्म केन्द्रीय विद्युतीकरणलाई विस्तार गरिनेछ।

८३. मज्जेखोला र घट्टेखोला लघु जलविद्युत योजनाको कामलाई यथाशिघ्र सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८४. मकरी हाइड्रोपावर निर्माण कार्यलाई सहजीकरणका लागि पहल गरिनेछ ।

८५. अपिहिमाल गाउँपालिकाको प्रवेशद्धार वडा नं. ५ रेलामा प्रवेश गेट निर्माण गरिनेछ ।

**अध्यक्ष महोदय,**

८६. प्रशासनिक तथा संगठनात्मक विकासमा प्रभावकारिता सुनिश्चितता गर्ने उद्धेश्यले कार्यालय, उपभोक्ता समिति, कर्मचारीहरुको कार्यसम्पादन नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

८७. **कोभिड १९** को विषम् परिस्थितिलाई मध्यनजर गर्दै जेष्ठ नागरिक, सर्वसाधरण जनता तथा दिर्घ रोगीहरुको स्वास्थ्य स्थितिलाई ध्यान दिदै दिर्घ रोगी, जेष्ठ नागरिकहरुका लागि जिल्लाभरी निःशुल्क र आमजनतालाई

* संशोधन
मिति २०७७/०३/०६

सर्वसुलभ र सहज यातायात सुविधा प्रदान गर्ने उद्धेश्यले मकरीगाड हाइड्रोपावर संग रहेको सामाजिक उत्तरदायित्व कार्यक्रम र गाउँपालिका मिलेर यातायात सुविधा प्रदान गरिनुको साथै जेष्ठ नागरिक दिवा सेवा केन्द्र लाई प्रभावकारी ढङ्गले संचालनमा ल्याइने छ।

८८. सुचनाको हकलाई सुनिश्चितता गर्न कम्तीमा प्रत्येक वडा तथा टोलस्तरमा कम्तीमा २ ठाउमा सुचना केन्द्रको स्थापना गरिनेछ ।

८९. भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्था सुदृढिकरण र सुशासन कडाईका साथ लागु गरिनेछ ।

९०. राष्ट्र सेवक कर्मचारीहरुको उच्च मनोबल र सम्मान बढाउन "जनताको कर्मचारी" पुरस्कारको व्यवस्था गर्न कोष खडा गरी लागु गरिनेछ ।

९१. सहकारी गठन, दर्ता तथा संस्थागत विकासका लाई प्राथमिकता दिदै कृषिमा आधारित सम्पुर्ण कृषकहरु, कृषक समुह, उपभोक्ता समितिहरुलाई सहकारीमा आवद्ध गराई सहकारी मार्फत जिवनस्तरमा सुधार गर्न सहजीकरण गरिनेछ ।

९२. सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा पञ्जीकरण लगायत गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरु सेवाग्राहीमैत्री बनाउन अनलाइन मार्फत संचालन गर्ने व्यवस्था मिलाई विद्युतिय शासन को प्रत्याभुति गराउन इन्टरनेट संचार सुविधाको व्यवस्था गरिनेछ ।

९३. सार्वजनिक निर्माण तथा खरिदका कार्यहरुलाई प्रभावकारी र व्यवस्थित गर्न **E-bidding**सेवा लागु गरिनेछ ।

९४. आगामी आर्थिक बर्षमा स्थानिय तहका कर्मचारीहरुका लागि श्रम ऐन नियमावली अनुरुप सञ्चय कोष (Provident Fund) को व्यवस्था गरिनेछ ।

९५. प्रशासनिक तथा संगठनात्मक विकासमा प्रभावकारिता सुनिश्चितता गर्ने उद्धेश्यले कार्यालय, उपभोक्ता समिति, कर्मचारीहरुको कार्यसम्पादन नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

९६. न्यायिक सेवालाई प्रभावकारी बनाउन, सार्वजनिक क्षेत्रको संरक्षण गर्न, विपद व्यवस्थापनमा द्रुत प्रतिकार्य सेवा प्रदान गर्ने उद्देश्यले स्थानिय सरकार संचालन ऐन को दफा ११ को उपदफा २(क) बमोजिमको अधिकारलाई प्रयोग गरि नगर प्रहरीको अवधारणा अगाडि बढाइने छ।

**अध्यक्ष महोदय,**

९७. विपद जोखिम न्युनीकरण कार्यलाई प्रभावकारी रुपले संचालन गर्न आपतकालिन केन्द्र स्थापना गरी अधिकृतस्तरको दक्ष कर्मचारी व्यवस्थापन गर्नुका साथै जोखिम क्षेत्र पहिचान तथा नक्सांकन गरिनेछ ।

९८. **कोरोना भाईरस (कोभिड १९)** संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्वारेन्टाइन व्यवस्थापन, आइसोलेसन निर्माण, होल्डिगं सेन्टर निर्माणको लागि आवश्यक भौतिक संरचना सहितको जनशक्ति तथा औषधी उपकरणको व्यवस्थापन गरिनेछ ।

९९. **कोरोना भाईरस (कोभिड १९)** रोकथाम तथा नियन्त्रण कोषलाई निरन्तरता दिइनेछ ।

* संशोधन

मिति २०७७/०३/०६

आठबिसकोट गाउँपालिका

१००. **कोरोना भाईरस (कोभिड १९)** रोकथाम तथा नियन्त्रणका लागि आवश्यकता अनुसार कोभिड १९ बिशेष जनचेतनामुलक कार्यक्रम व्यापक रुपमा संचालन गरिनेछ ।

१०१. सरुवा रोकथाम नियन्त्रण र उपचार एवं स्वास्थ्य विपद् व्यवस्थापनको तयारी तथा प्रतिकार्य गर्न आवश्यक भौतिक संरचना र जनशक्तिको व्यवस्था गरिनेछ ।

१०२. *सामुदायिक प्रहरी साझेदारी कार्यक्रम संचालन गरिने छ।

१०३. *अपाङ्ग भएका व्यक्तिको लागि आवश्यक कार्यक्रम निर्माण गरि लागु गरिने छ।

१०४. *वडाहरुमा ह्यालिप्याड निर्माण कार्यको लागि सम्भावना अध्यन गरि संचालन गर्न आवश्यक कदम चालिने छ।

१०५. *पटक पटक म्याद थप गर्दा पनि असार मसान्त सम्म कामगर्न नसक्ने समय सिमाभित्र हस्तान्तरण नगर्ने निर्माण व्यावसायी लाई कालो सुचिमा राख्ने व्यवस्था गरिने छ।

१०६. नेपाल सरकारद्वारा दार्चुला जिल्लाको लिम्पियाधुराकोभुगोल सहितको नयाँ नक्सा, निसान छाप स्वीकृत गरेकोमा नेपाल सरकार, मन्त्री परिषद लगायत सम्पुर्ण नेपालीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहाँन्छु ।

उपस्थित महानुभावहरु,

अपिहिमाल गाउँपालिकाको यस गरिमामय नवौं गाउँसभामा "स्वरोजगार र श्रम पहिचान, समृद्ध अपिहिमाल निर्माणको अभियान" ले यस गाउँपालिकाको दीर्घकालीन सोँचलाई झनै टेवा पुग्नेमा म बिश्वस्त छु ।

परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले सृजित अधिकारहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि अवसरयुक्त र कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने चुनौतिपूर्ण घडिमा अपिहिमाल गाउँपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुर्‍याउनु हुने गाउँपालिकाका राजनीतिक दलहरु, समाजसेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस गाउँपालिकाबासी, आमजनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !!!

* संशोधन

मिति २०७७/०३/०६